# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक २ गते २०५७ साल (अतिरिक्ताङ्क ३८ (घ+१)

## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३ को उपदफा (२) को खण्ड (ठ) ले दिएको अधिकार प्रयोग गरी उपभोक्ता संरक्षण परिषद्‌को सदस्य सचिवमा वाणिज्य विभागका महानिर्देशकलाई तोकेको छ।

### सूचना २

श्री ५ को सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५१ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम २ को खण्ड (क) को प्रयोजनार्थ वाणिज्य विभागका महानिर्देशक (रा.प. प्रथम श्रेणी) र खण्ड (झ) को प्रयोजनार्थ वाणिज्य विभागका बजार अनुगमन तथा हित संरक्षण शाखा हेर्ने निर्देशक (रा.प. द्वितीय श्रेणी) लाई तोकेको छ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।